# दुई सबस्टेसन ४०० केभीए प्रसारण लाइन निर्माण सुरु

**भोलाराज पौडेल/राजधानी**
नुवाकोट (बेलकोटगढी), २७ जेठ

सिन्धुपाल्चोक लप्सीफेदीदेखि तनहुँ दमौली र मकवानपुर हेटौंडासम्म जोड्ने २ सय ९७ किलोमिटर लामो विद्युत् प्रसारण लाइन निर्माण सुरु भएको छ।

मिलेनियम च्यालेञ्ज एकाउन्ट नेपाल विकास समितिले बुधबार मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) नेपाल कम्प्याक्टको विद्युत् प्रसारण आयोजनाअन्तर्गत रातमाटे सबस्टेसन र नयाँ दमौली सबस्टेसन तथा २ सय ९७ किलोमिटर लामो विद्युत् प्रसारण लाइनको निर्माण कार्य औपचारिकरूपमा सुरु गरिएको हो।

बुधबार शिलान्यास गरिएको २ सय ९७ किलोमिटर लामो प्रसारण लाइन सञ्जालमा लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा प्रसारण लाइन खण्ड, रातमाटे-न्यु दमौली प्रसारण लाइन खण्ड र न्यु दमौली-न्यु बुटवल प्रसारण लाइन खण्ड रहेका छन्। रातमाटेमा आयोजित एक समारोहमा तीन वटा प्रसारण लाइन र सबस्टेसनको ठेकेदारलाई अर्थसचिव डा. घनश्याम उपाध्यायले साबेल प्रदान गरे। नेपाल सरकार र संयुक्त राज्य अमेरिकाको संयुक्त लगानी रहेको एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रमअन्तर्गत विद्युत् प्रसारण आयोजना तीन ४ सय केभी सबस्टेसन तथा ३ सय १५ किलोमिटर प्रसारण लाइन निर्माण हुन लागेको हो।

संयुक्त राज्य अमेरिकाबाट प्राप्त ५५ करोड अमेरिकी डलर अनुदान र नेपाल सरकारको १९ करोड ७० लाख अमेरिकी डलर लगानीमा भइरहेको यस परियोजनाले अन्तर्राष्ट्रिय स्तरको विद्युत् प्रसारण पूर्वाधार निर्माण र महत्त्वपूर्ण सडक सञ्जालको निर्माण हुनेछ। नेपाल सरकारले यो आयोजनालाई देशको आर्थिक भविष्यका लागि गरिएको महत्त्वपूर्ण लगानीका रूपमा हेरिएको अर्थसचिव डा. उपाध्यायले बताए। एमसीए-नेपाल सञ्चालक समितिका अध्यक्षसमेत रहेका डा. उपाध्यायले ऊर्जा सुरक्षा सुनिश्चित गर्न, लगानी र औद्योगिक विस्तार प्रवर्धन गर्न र नेपालको ऊर्जा सम्भाव्यताबाट अधिकतम लाभ प्राप्त गर्न विद्युत् प्रसारण पूर्वाधार सुदृढ पार्नु आवश्यक रहेको उल्लेख गरे।

नेपालका लागि अमेरिकी कार्यवाहक राजदूत स्कट अर्बमले नेपालसँग संयुक्त राज्य अमेरिकाको लामो समयदेखिको साझेदारी र एमसीसी नेपाल कम्प्याक्टप्रतिको प्रतिबद्धता स्मरण गरिन्।

आशीष-बोभ्लर संयुक्त उपक्रमले १ सय १७ किलोमिटर लामो लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा प्रसारण लाइन खण्ड र एन्जेलिक-स्किपर संयुक्त उपक्रमले ९० किलोमिटर लामो रातमाटे-न्यु दमौली प्रसारण लाइन खण्ड निर्माणको जिम्मा पाएका छन् भने वाइबा-सालसर संयुक्त उपक्रमले ९० किलोमिटर लामो न्यु दमौली-न्यु बुटवल प्रसारण लाइन खण्ड निर्माण गर्नेछ। निर्माण सम्पन्न भएपछि रातमाटे सबस्टेसन र न्यु दमौली सबस्टेसन नेपालका सबैभन्दा ठूला उच्च-भोल्टेज क्षमताका सबस्टेसनमध्येको हुने एमसीए नेपालले जनाएको छ।



## धितोमा रहेको सम्पति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय नक्सालको २१ दिने सार्वजनिक सूचना ।।

( प्रकाशित मिति : २०८३/०२/२८ गते )

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छयौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८२ साल वैशाख महिना २३ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

**ऋणीको नाम र ठेगाना :**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि.नं. ३४९३७/०६१/६२ कायम भई मिति २०६२/०३/०८ मा दर्ता भएको ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. १०, कानदेवतास्थान स्थित **स्मार्ट फूड एण्ड स्न्याक्स प्रा.लि.** ।

**व्यक्तिगत जमानतकर्ताहरूको विवरण :**

१. भिम बहादुर बादे श्रेष्ठको नाति, धनदास बादे श्रेष्ठको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १ बस्ने **किशोर चन्द्र बादे श्रेष्ठ** ।

२. चेत नाथ खरेलको नाति, केशब खरेलको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, खरेलथोक गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ९ बस्ने **नारायण खरेल** ।

३. गंगाधर मैनालीको नाति, काशीनाथ मैनालीको छोरा, काभ्रे जिल्ला, मंगलटार गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं १० बस्ने **बद्री भक्त मैनाली** ।

**धितो सुरक्षणको विवरण :**

धनी सानिमा बैंक लिमिटेड **(ऋणी स्मार्ट फूड एण्ड स्न्याक्स प्रा.लि.)** को नाममा यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता रहेका निम्न बमोजिमको सवारी साधन :

| क्र.सं. | सवारी नं. | ईन्जिन नं. | च्यासिस नं. | सवारी मोडल | बनेको वर्ष |
|---|---|---|---|---|---|
| १ | बा १६ च ५०१० | G4LAGM209498 | MALA851CLGM532598*K | Hyundai Grand I 10 Magna | २०१६ |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लिखीत चल/अचल सम्पतीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्सालमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८३ साल आषाढ महिना १७ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

मिति : **२०८३ साल आषाढ महिना १९ गते ।**
स्थान : **सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
समय : **दिनको ३:०० बजे ।**

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com





## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

**(सूचना प्रकाशित मितिः २०८३/०२/२८)**

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित ३५ (पैंतीस) दिनभित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चलअचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसील**

**धितो लिलाम बिक्री हुने मितिः२०८३ साल असार महिना ३२ गते**
**सम्बन्धित कार्यालयः कृषि विकास बैंक लि., शाखा कार्यालय पोखरिया ।**
**लिलाम हुने कार्यालय/स्थान : कृषि विकास बैंक लि., प्रदेश कार्यालय बिरगञ्ज ।**

**ग्राहकको विवरण**

**१. ग्राहकको नामः सादिया कृषि फर्म, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय बिरगञ्ज, फर्मको दर्ता नं.१३८२१/०७८/०७९, दर्ता मितिः २०७८/०६/२२, पान नं.६०६०६२५७६**

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| माछापालन | हसमोदिन आलम | पर्सा | बैरियाविर्ता | ०६ | ४९९, ५०५ | ०-२-०, ०-६-० |
| | | | | ०७ | ५०३, ५०८ | ०-१-०, १-६-१० |
| | | | | ०७ | ४९७, ४९१ | ०-०-१३, ०-०-१५ |

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकताजारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| हसमोदिन आलम | बैरियाविर्ता-०६ | ३४३०१०/६९ | पर्सा/२०६३/१२/०८/जिल्ला प्रशासन कार्यालय | सम्सुल हकमिया | रुदल मिया |

**२. ग्राहकको नामः दिपक पशुपालन फर्म, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय बिरगञ्ज, फर्मको दर्ता नं.१०६७६/०७५/०७६, दर्ता मितिः २०७६/०२/०२, पान नं. ६०७४०४००३**

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|---|---|
| पशुपालन | बिरेन्द्र प्रसाद चौरसिया | पर्सा | मुडली | ०५ | २२१, २२२, २२४ | ३२०, १३५, ८८५.१० |

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| बिरेन्द्र प्रसाद चौरसिया | मुडली ०४ | ६३०७१८४० | पर्सा/२०५४/१२/१९/जिल्ला प्रशासन कार्यालय | सुनरमन राउत वरै | हरि राउत |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकताजारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| पुनम देवी चौरसिया | मुडली ०५ | ३४३०५४/१२५ | पर्सा/२०६४/०१/१३/जिल्ला प्रशासन कार्यालय | बिरेन्द्र प्रसाद चौरसिया | सुनरमन राउत वरै |

**३. ग्राहकको नाम कालिकामाइ फर्निचर उद्योग, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय बिरगञ्ज, फर्मको दर्ता नं. १२५६२/०७७/०७८, दर्ता मितिः २०७७/१०/०८, पान नं. ६१४८९६६२६**

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| व्यापार | महिन्द्र राउत बिन | पर्सा | बनकटवा | ०६ | ११२, १२३ | ०-२-८, ०-४-० |

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| शंकर राउत बिन | मुडली ०४ | ३४१०५४/१०२ | पर्सा/२०६६/०२/३१/जिल्ला प्रशासन कार्यालय | महिन्द्र राउत बिन | मुसहर मुखिया बिन |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| महेन्द्र राउत बिन | मुडली ०४ | ६३०७०६८६ | पर्सा/२०३५/०१/१३/जिल्ला प्रशासन कार्यालय | मुसहर मुखिया बिन | विपत मुखिया बिन |

**४. ग्राहकको नामः यादव कन्स्ट्रक्सन, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय बिरगञ्ज, फर्म दर्ता नं.४४/०४९/०५०, दर्ता मितिः २०४९/०५/०२, पान नं. ३००१०७३८६**

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| घरायसी/हायर पर्चेज | गोबर्धन राउत यादव | पर्सा | पोखरीया | ०४ | ५१६, ५२२, ५१८ | ६१२.१५, १००, ४८.३३, |
| | | | | ०७, ०९ | ४०, ९३ | ४५, १५२५ |
| | तुलसी राउत अहिर | पर्सा | पोखरीया | ०४ | ५१७, ५२३, ५१९ | ४४२.८५, १००, ४८.३३ |
| | | | | ०७ | ५५ | ४१.६७ |
| | | | | ०८ | २२ | ७५ |

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकताजारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| गोबर्धन राउत यादव | पोखरीया ०८ | ८३७०१२२५ | पर्सा/२०३८/१०/०१/जिल्ला प्रशासन कार्यालय | देवराज राउत यादव | धुरवारी राउत अहिर |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| तुलसी राउत अहिर | पोखरीया ८ | ८३७०१०२३ | पर्सा/२०४४/१०/११/जिल्ला प्रशासन कार्यालय | देवराज राउत यादव | धुरवारी राउत अहिर |

**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १० (दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतःजफत हुनेछ ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाइने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चलअचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८) लिलाम सदर भएपश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्र खरिद कर्ता लेनै व्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वानदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाडौं ।**